शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७९/११/१९ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. नगर सभा सम्बन्धमा ।
२. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान सम्बन्धमा ।
३. योजना सम्झौताको समयावधि थप गर्ने सम्बन्धमा ।
४. योजना संसोधन सम्बन्धमा ।
५. विशेष क्षेत्र सम्बन्धमा ।
६. रोजगार तर्फका योजना छनौट सम्बन्धमा ।
७. जग्गा वर्गीकरण सम्बन्धमा ।
८. विभिन्न कार्यविधि स्वीकृत तथा संसोधन सम्बन्धमा ।
९. कर्मचारी विज्ञापन सम्बन्धमा ।
१०. विद्यालय अधुरा भवनको वजेट विनियोजन सम्बन्धमा ।
११. संकलन केन्द्र व्यवस्थापन सम्बन्धमा ।
१२. कार्यपालिकाको नियमित बैठक वस्ने मिति तय गर्ने सम्बन्धमा ।
१३. योजनाको डिपिआर गर्ने सम्बन्धमा ।
१४. आधारभुत तहको परिक्षा संचालन समिति सम्बन्धमा ।
१५ हर्ट फन्डेसनलाई रकम भुक्तानी सम्बन्धमा ।
१६. शिक्षा तथा खेलकुद तर्फको वजेट विनियोजन सम्बन्धमा ।
१७. आन्तरिक आय ठेक्का व्यवस्थापन सम्बन्धमा ।
१८. विविध सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको मिति २०७९ चैत्र १ गते १२ औं नगरसभा सभ्य र भव्य रुपमा सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

शितगंगा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम आवश्यक प्रकृया पुऱ्याई परिच्छेद तीन बमोजिमको मुल्याङ्कन समितिबाट समेत सिफारिस भई प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिका समक्ष पेश हुन आएको संचालक शितगंगा नगरपालिका वडा नं. ८ निवासी श्री बेल बहादुर राना रहेको राना कन्स्ट्रक्सन शितगंगा नगरपालिका वडा नं. ८ अर्घाखाँची र सञ्चालक शितगंगा नगरपालिका वडा नं. ९ निवासी पदम बहादुर खत्री रहेको पि.आर.कन्स्ट्रक्सन शितगंगा नगरपालिका वडा नं. ९ अर्घाखाँचीलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व.का स्वीकृत योजना तथा कार्यक्रमहरु सम्झौताको लागि अझै बाँकी रहेकोले विनियोजन भइसकेका योजनाहरुको अन्तिम पटकको लागि समयावधि २०७९ चैत्र १५ गते सम्म थप गर्ने र समयमै कार्यान्वयन गरी गराई फरफारक गर्ने गराउने निर्णय गरियो ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा एघारौ नगरसभा तथा कार्यपालिका बैठकबाट विभिन्न योजना तथा कार्यक्रमको लागि वजेट विनियोजन भएकोमा उक्त योजना तथा कार्यक्रमहरु मध्ये निम्न बमोजिमका योजना तथा कार्यक्रमहरु संसोधन गर्नु पर्ने भएकोले संसोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| एघारौ नगरसभा तथा का.पा बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| घोरवन्दा दहदेखि रामसान घाट बाटो निर्माण वडा नं. २ (२०७९/९/२१ गतेको का.पा) | ३००००० | घुम्ती घोरवन्दा, खन्यवास मोड देखि सौरुख सम्म मो.वा. | ३००००० | गत मौज्दात /आ |
| सिद्धार्थ आ.वि. सानाढुन्ग्रे विद्यालय मर्मत वडा तर्फ वडा नं. ६ (९३/६) | १००००० | सिद्धार्थ आ.वि. सानाढुन्ग्रे फर्चिचर, कम्यूटर, प्रिन्टर खरिद तथा व्यवस्थापन | १००००० | संघीय स.अ. |
| सिद्धार्थ आ.वि. सानाढुन्ग्रे विद्यालय मर्मत नपा तर्फ (१३४/३ | २५०००० | सिद्धार्थ आ.वि. सानाढुन्ग्रे फर्चिचर, कम्यूटर, प्रिन्टर खरिद तथा व्यवस्थापन | २५०००० | राजश्व प्रदेश |
| घर्तिसरा अधुरो वारी सिंचाई १ (२०७९/९/२१ गतेको का.पा) | १००००० | घर्तिसरा सिंचाई योजना १ | १००००० | गत मौज्दात /आ |
| धाराखोला पण्डितटोला मो.वा. ४ ( २०७९/९/२१ गतेको का.पा) | ५०००० | धाराखोला पण्डितटोला सिंचाई १ | ५०००० | गत मौज्दात /आ |
| भेडामारे वाडगंगा आ.वि. शौचालय मर्मत ४ ( २०७९/९/२१ गतेको का.पा) | ५०००० | वाडगंगा आ.वि भेडामारे शौचालय निर्माण तथा भवन मर्मत सुधार | १५०००० | गत मौज्दात /आ |
| भेडामारे स्वास्थ्य चौकी जाने मो.वा ४ ( २०७९/९/२१ गतेको का.पा) | १००००० | | | |
| खमारी खेत खा.पा.शिनपा ६ (२०७९/९/२१ गतेको का.पा) | १००००० | खमारी खेत प्रतिक्षालय निर्माण शिनपा ६ | १००००० | गत मौज्दात /आ |
| महिला स्वंयम सेविका प्रोत्साहन कार्यकम वडा नं ३ (१२१/१) | १००००० | वडा कार्यालय रङ्ग रोगन, मर्मत तथा व्यवस्थापन ३ | १००००० | सं स. अनुदान |
| कात्तिके खा.पा. टंकी मर्मत शिनपा ९ (मिति २०७९/८/२८ को निर्णयको ) | ५०००० | कात्तिके गैरावारी नुनेखोला खानेपानी ९ | ५०००० | प्रदेश राजश्व |
| महिला क्षमता विकास कार्यक्रम शिनपा ४ ( १२४/१) | १५०००० | काउले लिफ्ट खा.पा. उपभोक्ता पुरानागाउँ हिलटंकी वितरण | १५०००० | संघीय समानिकरण |
| विभिन्न विद्यालय व्यवस्थान वडा नं. ९ ( १४९/३) | १००००० | सिद्धारा सहकारी अधुरो भवन निर्माण ९ | १००००० | संघीय समानिकरण |
| महिला विशेष कार्यकम शिनपा ९ (१५०/३ | १००००० | सिद्धारा सहकारी अधुरो भवन | १००००० | संघीय |

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | निर्माण ९ | | समानिकरण |
| स्वास्थ्य कार्यालय तथा स्वंसेविका व्यवस्थापन शिनपा ९ (१५१/१) | १००००० | सिद्धारा सहकारी अधुरो भवन निर्माण ९ | ५०००० | संघीय समानिकरण |
| | | स्वास्थ्य कार्यालय तथा स्वंसेविका व्यवस्थापन | ५०००० | संघीय समानिकरण |
| कृषि तथा पशु विकासका प्राविधिक सहयोग अनुदान शिनपा १३ (१७२/३) | २००००० | युवा मैत्री भलिवल प्रतियोगिता | १००००० | संघीय समानिकरण |
| | | कृषि अवलोकन भ्रमण | १००००० | संघीय समानिकरण |
| सूचना विज्ञापन सार्वजनिक सुनुवाई तथा वडाको प्रोफाईल निर्माण शिनपा १३ (१७२/१) | ३००००० | शिनपा १३ वडाको डकुमेन्ट्री निर्माण १३ | ३००००० | संघीय समानिकरण |
| शिनपा १३ का सम्पूर्ण विद्यालयमा शैक्षिक सुधार कार्यक्रम तथा वालविकास कक्षा कोठा व्यवस्थापन | ८००००० | बालुकुण्ठ आ.वि.अधुरो बाउन्ड्रीवाल निर्माण | १००००० | संघीय समानिकरण |
| | | शैक्षिक अवलोकन भ्रमण | २००००० | संघीय समानिकरण |
| | | रिकोट मा.वि.निजी श्रोत शिक्षक व्यवस्थापन | १५०००० | संघीय समानिकरण |
| | | मुसियान आ.वि. अधुरो खेल मैदान निर्माण | ५०००० | संघीय समानिकरण |
| | | शिनपा १३ का वाल विकास को लागि शैक्षिक सामाग्री खरिद तथा वितरण | ३००००० | संघीय समानिकरण |

## निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको पुनः संरचनाको सन्दर्भमा मिति २०७९ साल पौष २५ गते आयोजना गरिएको सर्वदलिय बैठकबाट नेपालको संविधानको भाग ५ अर्न्तगत राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड अर्न्तगत धारा ५६ को उपधारा ५ बमोजिम आर्थिक विकासको लागि विशेष क्षेत्र कायम गर्नको लागि प्रदेश सरकार र संघीय सरकारमा माग गर्ने र यस पालिकाको पुनः संरचनाको विषयमा क्रमस छलफल गर्दै जाने भनि निर्णय समेत भएकोले सो सम्बन्धमा यस नगरपालिकालाई नेपालको संविधिनको भाग ५ अर्न्तगत राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड अर्न्तगत धारा ५६ को उपधारा ५ बमोजिम आर्थिक विकासको लागि विशेष क्षेत्र र आवश्यक वडाहरु पुनः संरचनाको लागि २०८१ साल आषाढ मसान्त सम्म अध्ययन गरी प्रतिवेदन पेश गर्नको लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपशिल

संयोजक :- नगर प्रमुख

सदस्य :- नगर उप-प्रमुख

सदस्य :- वडा अध्यक्ष श्री चिन्तराज अधिकारी

सदस्य :- वडा अध्यक्ष श्री रुक बहादुर आले

सदस्य :- वडा अध्यक्ष श्री भिम बहादुर के.सी.

सदस्य :- वडा अध्यक्ष श्री नवराज भुसाल

सदस्य :- वडा अध्यक्ष श्री दामोदर न्यौपाने

सदस्य :-कार्यपालिका सदस्य श्री गंगा थापा

सदस्य सचिव :- प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.व.मा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगार कार्यक्रम तर्फ प्राप्त बटेजबाट कार्य गर्ने सन्दर्भमा मिति २०७९/८/१६ गतेको कार्यपालिकाको बैठकको निर्णय अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमा सुचिकृत बेरोजगार व्यक्तिहरु मध्ये १४० जनालाई प्राथमिकिकरणको आधारमा १०० दिनको रोजगारी दिने गरी योजना छनौट गर्ने भनि भएकोमा बेरोजगार व्यक्तिको प्राथमिकीकरण हेर्दा तलमाथि परेको र गरिवी तथा विपन्न व्यक्ति प्राथमिकताको तल्लो नम्बरमा रहेको, भौगोलिक जटिलता भएको हुदाँ रोजगार व्यवस्थापन सूचना प्रणाली (emis) मा सुचिकृत मध्येबाट गरिवी तथा विपन्न बेरोजगारलाई वडा समितिबाट निणर्य गरी तपशिलका योजनाहरुमा १०० दिन काममा लगाउने निणर्य गरियो ।

**तपशिल**

| क.स. | योजनाको नाम | वडा नं. | बजेट | बेरोजगार संख्या |
|---|---|---|---|---|
| १ | शि.न.पा.१ का विभिन्न बाटो स्तरोन्नती तथा गोरेटो बाटो निमार्ण | १ | ६३२०००। | १० |
| २ | मुलकाटुनी ,पाँचपोखरा जाने गोरेटो बाटो | ३ | २३२००० | १० |
| ३ | शि.न.पा.३ का विभिन्न ठाउँमा नाली काट्ने कार्य | ३ | ४००००० | |
| ४ | धनुखर्क पोखरी गोरेटो बाटो | ५ | ५६८८००। | ९ |
| ५ | हरि मा बि लिखुरे पानी तारा न्यौपानेको घर देखि दाडसिडे टोल र चित्रेबारी अधेरी टोल गोरेटो बाटो | ५ | | |
| ६ | झोलुङ्गे पुल पोखरी चौतारा सुधा मा बि बाननेटा गोरेटो बाटो मर्मत | ५ | | |
| ७ | लामदिप ढाटीचौर गोरेटो बाटो | ६ | १५८८००। | ९ |
| ८ | चैनडाँडा बोक्सेचौर गो.बा.मर्मत | ६ | १४००००। | |
| ९ | माझगाँउ पतेरी वाजगहरा गोरेटो बाटो | ६ | १०००००। | |
| १० | फुसीभारा वेसारी गो.बा. मर्मत | ६ | १२००००। | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ११ | गल्डुङ मुलावारी गो.बा. | ६ | ५००[illegible] | |
| १२ | जलुके नौमुरे ,ऐरावती र रातामाटा कामीडाँडा ऐरावती र जावुनेपोखरी सिसारवगर बाटो मर्मत | ७ | ६३२००० | १० |
| १३ | बडीदमार छतिवनको मोटर बाटो नाली स्तरोन्नती | ८ | ५००००० | १० |
| १४ | विद्यादय देखी खोरेटोल हुदै नौरे टोल मोटर बाटा स्तरोन्नती | ८ | १३२००० | |
| १५ | लिसिकुना -डिही गोरेटो बाटो निमार्ण | १० | ६,३२,००० | १० |
| १६ | वाटुले- दमारा गोरेटो बाटो निमार्ण | १० | | |
| १७ | वनखेत- सामकोट गोरेटो बाटो निमार्ण | १० | | |
| १८ | माम्रीखाय मुसे-काठेखोला गोरेटो बाटो निमार्ण | १० | | |
| १९ | लिसिकुना -कराबेशी घाट जाने गोरेटो बाटो मर्मत तथा सखार | १० | | |
| २० | बर्रे- आरिचौर घाट जाने गोरेटो बाटो मर्मत तथा सखार | १० | | |
| २१ | टिक्करी ढुंगेसरा मो.बा. नाली निर्माण | ११ | १८९६०० | ११ |
| २२ | दुम्सी आ.वि. भवन निर्माण | ११ | ३१६००० | |
| २३ | दोबाटा चावेनेटा वेलनेटा मो .बा. नाली निर्माण | ११ | १८९६०० | |
| २४ | खल्यार्खक खुम्चिकोट विद्यालय जाने गोरेटो बाटो | १२ | ६२३,००० | १० |
| २५ | कोठिया मैदान रिङरोड मैदान | १२ | | |
| २६ | वडा स्तरिय बाटोहरुमा कच्चि नाली निर्माण | १२ | | |
| २७ | वडा कार्यालय कम्पाउण्ड | १४ | ३१६००० | ११ |
| २८ | खोरमोर बेमतेनी करेचुली | १४ | १८९६०० | |
| २९ | करेचुली वरका रुख मो .बा. | १४ | १८९६०० | |
| ३० | शिनपा ४ का पदमार्ग तथा विभिन्न मो.वा.हरु स्तरोन्नती | ४ | ६३२००० | १० |
| ३१ | शिनपा ९ को मुख्य बाटो सहायक बाटो नाली मर्मत सुधार | ९ | ६३२००० | १० |
| ३२ | मुलकाटुनी पाँचपोखरा जाने गोरेटो बाटो | ३ | २३२००० | १० |
| ३३ | शिनपा ३ का विभिन्न मो.वा. नाली काट्ने कार्य | ३ | ४००००० | |
| ३४ | गुम्बा देखि च्यानडाडा सिद्धवावा गोरेटो बाटो निर्माण | २ | ६३२००० | १० |
| ३५ | खत्रीकावारी देखि नयाँगाउ घाटखोला निपाने राम्चे, काउले सोवितको घर देखि राजुबास सम्म गो.वा. | २ | | |
| ३६ | अधेरी चलौजा मुलावारी गोरेटो बाटो र सिख नाली | २ | | |
| ३७ | छापकाचौर देखि खमारीडाडा जरुख देखि खमारीडाडा, लक्ष्मीको घरदेखि गैरीखेत सम्म गो.वा. | २ | | |

शितगंगा नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्रको जग्गा भू-उपयोग नियमावली २०७९ को नियम ८ सँग सम्बन्धित भू-उपयोग क्षेत्र वर्गीकरण गर्न यस कार्यालयका अमिनको समन्वयमा सम्बन्धित वडा समितिले स्थलगत अध्ययन तथा अवलोकन गरी भु-उपयोग परिषद्मा पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा गत विगतमा बनेका कार्यविधिहरुमा केही संसोधन गर्नु पर्ने र केही कार्यविधिहरु नयाँ निर्माण गर्नु पर्ने भई आजको बैठकमा पेश भएका कार्यविधिहरुको विषयमा छलफल भई तपशिल बमोजिमका कार्यविधिहरु स्वीकृत तथा संसोधन गर्ने निर्णय गरयो ।

**तपशिल**

**स्वीकृत गर्ने कार्यविधि**

१. कृषि अनुदान वितरण कार्यविधि, २०७९

**कार्यविधिमा संसोधन**

१. ८४ वर्ष उमेरका जेष्ठ नागरिकहरुलाई ८४ वर्ष गाँठको उपलक्ष्यमा सम्मान प्रदान गर्ने कार्यविधि २०७९ मा संसोधन

(क) कार्यविधि स्वीकृत भएपछी रकम वितरण गर्नु भन्दा पहिले मृत्यु भएकालाई मृत्यु दर्ता प्रमाण पत्रका आधारमा परिवारको सदस्यलाई प्रदान गर्ने ।

१. शितगंगा नगरपालिकाको विपद कोष व्यवस्थापन तथा आर्थिक सहयोग कार्यविधि २०७९ मा संसोधन

(क) कार्यविधि स्वीकृत हुनु भन्दा पहिले सिफारिस समितिबाट निर्णय भई सकेकाहरुको हकमा निर्णय बमोजिमको रकम उपलब्ध गराउने ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा कार्यालयमा रिक्त रहेका दरवन्दीका पदहरुमा पदपूर्तिको लागि विज्ञापन गरी करार सेवामा राख्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा एघारौं नगरसभाबाट चालु आ.व.मा कार्यान्वयन हुने गरी विभिन्न शिर्षकमा रहेको रकमलाई तपशिल बमोजिम योजना संचालनको लागि विनियोजन गर्ने निर्णय गरियो ।

**पुस्तीकाको पेज नं. १०१ को सि.नं. ११ मा रहेको निर्माणाधिन विद्यालय ५ वटा पुरा गर्न :-**

| | |
|---|---|
| १. डिही आधारभुत विद्यालय शिनपा १० | रु १२८५०००।- (संघीय राजश्व) |
| २. पावर मा.वि. शिनपा १४ | रु १२८५०००।- (संघीय राजश्व) |

१. डिही आधारभुत विद्यालय शिनपा १० रु १२८५०००।- (संघीय राजश्व)

२. पावर मा.वि. शिनपा १४ रु १२८५०००।- (संघीय राजश्व)

३. धर्म आ.वि. शिनपा ६ रु १२८५०००।- (संघीय राजश्व)

४. दह आ.वि.शिनपा ३ रु ६४५०००।- (संघीय राजश्व)

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाका किसानहरुले उत्पादन गरेको कृषि उत्पादनलाई वजारीकरण गर्नको लागि शिनपा ४ अमराईमा रहेको कोसेली घरलाई संकलन केन्द्रको रुपमा व्यवस्थापन गर्ने र संचालनको लागि आधारशिला साना किसान कृषि तथा पशु विकास महिला सहकारी मार्फत संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा नगर कार्यपालिकाको नियमित बैठक प्रत्येक महिनाको ४ गते विहान ठिक ११.३० वजे नगरपालिकाको हलमा वस्ने, साथै तोकिएको मितिमा सर्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुल्ने दिन सोही समयमा वस्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा नगर गौरवका आयोजनाहरुको डिपिआर तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा आधारभुत तह कक्षा आठ को अन्तिम नगर स्तरीय परिक्षाको लागि "आधारभुत तह कक्षा ८ को परिक्षा संचालन तथा प्रमाणिकरण सम्बन्धि मापदण्ड २०७६ को परिच्छेद २ को ३ बमोजिम" तपशिल बमोजिमको परिक्षा संचालन तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

संयोजक :- शिक्षा शाखा प्रमुख
सदस्य :- भोजराज आचार्य प्र.अ.श्री सुधा मा.वि.
सदस्य :- पुनाराम पौडेल शिक्षक श्री जनजागृती मा.वि.
सदस्य :- धर्मराज खनाल शिक्षक श्री स्वरस्वती मा.वि.
सदस्य :- लक्ष्मण वली प्र.अ. श्री डिही आ.वि
सदस्य :- माया घिमिरे अर्याल श्री ज्योती मा.वि.
सदस्य सचिव :- राज कुमार सिंजाली

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस नगरपालिकाको प्राथमिक स्वास्थ्य केन्द्र ठाडामा मिति २०७९ माघ १४ गते हर्ट फाउण्डेसन शितगंगा इकाईले संचालन गरेको मुटुरोग जाँच शिविरमा भएको खर्च भुक्तानीको लागि विल भरपाई सहित माग भई आएकोले माग बमोजिम रु ८६०००।- भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा एघारौं नगरसभाबाट चालु आ.व.मा कार्यान्वयन हुने गरी शिक्षा तथा खेलकुद तर्फ रहेको रकमलाई निम्न बमोजिम विनियोजन गर्ने निर्णय गरियो ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

तपशिल

**शिक्षा व्यवस्थापन शिर्षकमा रहेको रु १८०००००।-**

| क्र.स. | क्रियाकलापहरु | रकम |
|---|---|---|
| १ | कक्षा ८ परीक्षा व्यवस्थापन | ४००००० |
| २ | स्थानीय पाठ्यक्रम निर्माण , छपाई र वितरण | १५०००० |
| ३ | अन्तर माध्यमिक तह हाजिरीजवाफ प्रतियोगिता | २००००० |
| ४ | प्र.अ. बैठक तथा खाजा खर्च | २००००० |
| ५ | शिक्षा समिति बैठक तथा खाजा खर्च | १००००० |
| ६ | अस्थायी करार परीक्षाको प्रश्न बैङ्क निर्माण | ५०००० |
| ७ | विद्यालय तथा परीक्षा अनुगमन खर्च | १५०००० |
| ८ | विद्यालय समायोजन तथा दरबन्दी मिलान | २००००० |
| ९ | SIP निर्माण, सामाजिक परीक्षण सम्बन्धी अभिमुखीकरण कार्यक्रम | १००००० |
| १० | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन व्यवस्थापन | १५०००० |
| ११ | कार्यालय सञ्चालन तथा विविध | १००००० |
| | जम्मा | १८००००० |

**युवा हरुको लागि खेलकुद तथा युवा लक्षित कार्यक्रम (राष्ट्रपति रनिङ्गशिल्ड र मेयर तथा उपमेयर कप समेत) अन्तर्गत रु १५ लाख मध्येको कार्यक्रमहरु.**

| क्र.स. | क्रियाकलापहरु | रकम |
|---|---|---|
| १ | मेयरकप खेलकुद प्रतियोगिता | ८००००० |
| २ | उपमेयरकप खेलकुद प्रतियोगिता | ४००००० |
| ३ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | ३००००० |
| | जम्मा | १५००००० |

**निर्णय नं. १७**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने नदी खोलाहरुबाट नदिजन्य पदार्थ उत्खनन्, संकलन र बिक्री वितरण गर्ने कार्यको लागि तपलिश बमोजिमका खोलाहरुको ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो ।

**तपशिल**

१ राप्ती नदी - राप्ती नदी पल्टेडाँडा क्षेत्र
२ राप्ती नदी - राप्ती नदी गढवा राप्ती गा.पा. सिमाना क्षेत्र
३ रङ्गसिंङ्ग खोला - तीनखण्डेको पुच्छार र तिनखण्डे खा.पा.आयोजनाको ५०० मी उत्तर तर्फको क्षेत्र
४ खयरभट्टी खोला - राता पहरा देखि दुमइ घाट सम्मको क्षेत्र

**निर्णय नं. १८**

प्रस्ताव नं. १८ माथि छलफल गर्दा अजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।